# राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

# राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

# राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७

नेपाल सरकार (मन्त्रिपरिषद)बाट स्वीकृत मिति : २०७७/१०/०५

## १. पृष्ठभूमि

संवत् २०७२ सालमा जारी भएको नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्त अनुरूप विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने आधार तयार गरेको छ । समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन, महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक हुनेछ र पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव बिना सबै सन्तानको समान हक हुने भन्ने व्यवस्था गरेको छ । संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने समेतको व्यवस्था गरेको छ । साथै धारा २५२ मा राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोगको रूपमा स्थापित गरेको छ। नेपाल पक्ष भएको महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ लाई सन् १९९१ मा, सोको ऐच्छिक प्रोटोकल, १९९९ लाई सन् २००७ मा, समान कामका लागि महिला र पुरुषबीच समान पारिश्रमिक सम्बन्धी महासन्धि, १९५१ (आईएलओ १००) लाई सन् १९७६ मा र रोजगार तथा पेसामा हुने विभेद सम्बन्धी महासन्धि, १९५८ (आईएलओ १११) लाई सन् १९७४ मा नेपालले अनुमोदन गरिसकेकाले नेपालको लैङ्गिक समानताप्रति अन्तर्राष्ट्रिय प्रतिबद्धता समेत रहेको छ ।

लैङ्गिक समतामूलक राष्ट्र निर्माणको सोच र लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्ने लगायतका उद्देश्यसहित पन्ध्रौं आवधिक

योजना कार्यान्वयनमा रहेको छ । लैङ्गिक समानताका लागि विगतका प्रयासहरूले महिलाको शिक्षा, स्वास्थ्य, सम्पत्ति माथिको स्वामित्व तथा श्रम सहभागितामा सकारात्मक परिवर्तन भएको छ। महिलाको राजनीतिक तथा आर्थिक भूमिका प्रभावकारी हुँदै गएको छ । यद्यपि महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक माथि हिंसा, विभेद, असमानता, कुरीति तथा सामाजिक हानिकारक अभ्यासहरू कायम नै छ । मुलुकले अङ्गीकार गरेको सङ्घीय ढाँचा र नयाँ शासकीय स्वरूप अनुरूप विगतमा नेपाल सरकारबाट महिला सशक्तिकरणका लागि भए गरेका कार्य प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भैसकेका छन् । दिगो विकासको लक्ष्य नं. ५ मा उल्लिखित लैङ्गिक समानता र सशक्तिकरणको लक्ष्य प्राप्तिका लागि सूचकहरू निर्माण भई कार्यान्वयनमा रहेको अवस्था छ ।

लैङ्गिक समानताका क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै दिगो विकासका लक्ष्य प्राप्ति र सारभूत लैङ्गिक समानताको स्थापनाका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सुदृढ बनाउँदै राज्यका तीनवटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना, नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा सेवा प्रवाहलाई लैङ्गिक मैत्री बनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि समग्र राष्ट्रिय नीतिको आवश्यकता रहेको छ ।

## २. वर्तमान स्थिति

नेपालको कुल जनसङ्ख्याको ५१.५ प्रतिशत महिलाको जनसङ्ख्या रहेको छ । सन् २०१९ मा नेपाल मानव विकास सूचकाङ्कमा ०.६०२ अङ्क सहित १४२ औं स्थानमा रहेको छ । राष्ट्रिय मानव विकास प्रतिवेदन, २०२० अनुसार नेपालको लैङ्गिक विकास सूचक र लैङ्गिक सशक्तिकरण मापक क्रमश: ०.८८६ र ०.६२ तथा लैङ्गिक असमानता सूचक (Gender Inequality Index) ०.४७६ रहेको छ । विश्व आर्थिक मञ्चद्वारा तयार पारिएको ग्लोबल लैङ्गिक समानता अन्तराल प्रतिवेदन, २०२० मा नेपालको प्राप्ताङ्क ०.६८० रही १५३ मुलुकहरूमध्ये १०१ औं र दक्षिण एशियामा दोस्रो स्थानमा रहेको छ । पन्ध्रौं योजनामा उल्लेख भए अनुसार महिला साक्षरता ५७.७% रहेको छ भने महिलाको श्रमशक्ति सहभागिता दर २६.३% रहेको छ। राष्ट्रिय मानव विकास प्रतिवेदन, २०२० अनुसार हाल मातृ मृत्युदर प्रतिलाख

जीवित जन्ममा २३९ रहेको छ । नेपालमा २०६८ को जनगणना अनुसार लैङ्गिक अनुपात १०६.४० रहेको देखिएको छ । यसमध्ये शहरी क्षेत्रमा जन्मदरको अनुपात १११.८० छ भने ग्रामीण क्षेत्रमा १०५.६ रहेको छ ।

राज्यका विभिन्न संरचना तथा निकायमा महिला सहभागिता र प्रतिनिधित्वमा उल्लेख्य सुधार हुँदै आएको छ । राष्ट्रिय मानव विकास प्रतिवेदन, २०२० अनुसार राजनीतिक क्षेत्रमा महिला सहभागिताको अवस्था सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा ४१%, प्रदेश सभामा ३४.४%, प्रतिनिधि सभामा ३२.७% र राष्ट्रिय सभामा ३७.७% रहेको छ । त्यसैगरी निजामती सेवा लगायत विभिन्न सरकारी तथा सार्वजनिक सेवामा महिलाका लागि आरक्षणको व्यवस्था गरिएको छ । यसले गर्दा निजामती सेवामा महिलाको सहभागिता २६.१७ % रहेको छ भने स्वास्थ्य सेवामा ४७% रहेको छ । सहकारीको सञ्चालकमा महिला सहभागिता ४०% रहेको छ भने महिला सदस्यको सङ्ख्या करिब ५१% रहेको छ । दिगो विकास लक्ष्यको राष्ट्रिय पुनरावलोकन प्रतिवेदन अनुसार महिलाको घरजग्गामा स्वामित्व ३३.९३% पुगेको छ ।

सरकारी बजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेटको अभ्यास बढ्दै गएको छ । आ.व. ०७७/७८ मा लैङ्गिक उत्तरदायी बजेट नेपालको वार्षिक बजेटको ३८.१६% रहेको छ ।

महिलाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि भएका नीतिगत र कानूनी व्यवस्था र सञ्चालित कार्यक्रमहरूले महिला प्रतिनिधित्व, सहभागिता, विद्यमान स्रोत साधनमा पहुँच आदिमा वृद्धि हुँदै गएको छ । साथै, जीविकोपार्जन, उद्यमशीलता र रोजगारीमा समेत सुधार भएको अवस्था छ।

**३. समस्या**

घरेलु हिंसा, मानव बेचबिखन तथा ओसारपसार, वैदेशिक रोजगारका नाममा हुने ओसारपसार तथा बेचबिखन लगायत लैङ्गिकतामा आधारित महिला, किशोरी, बालिकाप्रति हुने हिंसा यस क्षेत्रको प्रमुख समस्याका रूपमा रहेका छन् । धार्मिक तथा प्रथा परम्पराका नाममा प्रचलनमा रहेका खराब अभ्यासहरू जस्तै बोक्सी, छाउपडी, बाल विवाह, बहुविवाह, दाईजो

तथा तिलक प्रथाले महिला किशोरी तथा बालिकामाथि हुने शारीरिक तथा मानसिक हिंसा कायम नै छ । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक माथि हुने शारीरिक तथा मानसिक हिंसा विद्यमान रहनु, सामाजिक मूल्य मान्यता, सामाजिक सम्बन्ध एवम् सोचको कारणबाट लैङ्गिक भूमिकामा परिवर्तन आउन नसक्नु, महिलाको विकासमा पुरुषको सहभागिता न्यून रहनु, महिलाको आर्थिक सशक्तिकरण हुन नसक्नु, महिलाको घरेलु कामकाजलाई आर्थिक पक्षसँग जोडेर नहेरिनु, श्रम बजारमा महिला र पुरुषबीच विभेद रहनु, सबै क्षेत्रका निर्णायक तहमा महिलाको न्यून सहभागिता रहनु, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको खण्डीकृत तथ्याङ्क नहुनु जस्ता समस्या यस क्षेत्रमा विद्यमान छन् ।

## ४. चुनौती

सामाजिक संरचना र सोच परिवर्तन गर्नु, नेतृत्वमा रहेका महिला नेतृत्वको निर्णायक भूमिका वृद्धि गर्नु, राज्यका सार्वजनिक नीतिमा लैङ्गिक मूलप्रवाहीकरण गर्नु, लैङ्गिक हिंसाको अन्त्य गरी न्यायमा पहुँच बढाउनु, हानिकारक कुरीति र कुप्रथाको अन्त्य गर्नु, सङ्घ, प्रदेश र स्थानीय तहमा लैङ्गिक सवाललाई आन्तरिकीकरण र संस्थागत गर्नु, महिलाको प्राकृतिक, व्यावसायिक एवम् सामाजिक भूमिकालाई सन्तुलन गर्नु, खास लक्षित समूहलाई लाभान्वित बनाउनु, लैङ्गिक उत्तरदायी शासन व्यवस्थाको विकास मार्फत महिला तथा किशोरीमाथि हुने सबै किसिमका विभेद हटाई लैङ्गिक समानता सहित सामाजिक रूपान्तरण गर्नु यस क्षेत्रका चुनौती हुन् ।

## ५. नीतिको आवश्यकता र औचित्य

नेपालको संविधानमा व्यवस्था भएको मौलिक हक, राज्यको पुनर्संरचना र अधिकारको बाँडफाँटको कार्यान्वयनलाई प्रभावकारी बनाउन, चालु पन्ध्रौं योजनाका लक्ष्य एवम् उद्देश्य हासिल गर्न, दिगो विकासको लक्ष्य प्राप्तिका लागि समाजमा रहेको कुरीति, कुप्रथा र भेदभाव हटाई समान पहुँच र अवसर प्रदान गरी समानता कायम गर्नका लागि न्यायपूर्ण समाजको स्थापना गर्नु आवश्यक रहेको छ । नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पूरा गरी लैङ्गिक समानता कायम गर्नका लागि राष्ट्रिय लैङ्गिक समानता नीति आवश्यक रहेको छ ।

लैङ्गिक समानता कायम गर्ने दिशामा मुलुकले हासिल गरेको उपलब्धिलाई निरन्तरता दिँदै लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई स्थानीय तहदेखि नै संस्थागत गर्न यस नीतिले मूल नीतिको रूपमा मार्गनिर्देश गर्नेछ । यस नीतिले सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था एवम् सामुदायिक संस्था सबैमा लैङ्गिक संवेदनशील व्यवहारको विकास गरी लैङ्गिकमैत्री नीति, योजना एवम् कार्यक्रममा सामञ्जस्यता ल्याउन समन्वय गर्नेछ । 'समृद्ध नेपाल, सुखी नेपाली' को साझा राष्ट्रिय आकाङ्क्षा पूरा गर्न समेत यस नीतिले सहयोग गर्नेछ ।

## ६. दीर्घकालीन सोच

लैङ्गिक समानतायुक्त राष्ट्र निर्माण ।

## ७. सोचको परिदृश्य

सबै क्षेत्रमा महिलाको सारभूत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रुपान्तरणद्वारा लैङ्गिक समानता कायम गर्ने ।

## ८. लक्ष्य

महिलाको आर्थिक, सामाजिक र राजनीतिक रूपमा सशक्तिकरण सहित कानूनी तथा व्यवहारिक रूपमा महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक बीच समानता स्थापित गर्ने ।

## ९. उद्देश्य

१. महिला, किशोरी तथा बालिकाको सामाजिक-आर्थिक विकासका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्नु ।
२. लैङ्गिक भेदभाव, हिंसा र शोषणको अन्त्य गरी समानता र लैङ्गिक मूल्य मान्यतामा आधारित समाज स्थापित गर्नु ।
३. लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्नु ।
४. महिलाको आर्थिक सशक्तिकरण गर्नु ।

## १०. रणनीति

१. विद्यमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गिक मैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने ।(उद्देश्य १)

२. निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने । (उद्देश्य २)

३. कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने । (उद्देश्य ३)

४. लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने । (उद्देश्य ४)

५. स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्ने । (उद्देश्य ४)

६. स्रोत साधनमाथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने । (उद्देश्य ४)

## ११. नीति तथा कार्यनीति

**रणनीति १:** विद्यमान र नयाँ तर्जुमा हुने कानूनलाई लैङ्गिकमैत्री बनाउने र सकारात्मक विभेदको नीति तर्जुमा र कार्यान्वयनलाई निरन्तरता दिने ।

### नीति तथा कार्यनीति

(क) लैङ्गिक समानता कायम गर्न आवश्यकता अनुसार नेपाल कानूनलाई परिमार्जन गर्दै लैङ्गिक समानतायुक्त बनाइनेछ ।

(ख) महिला, किशोरी तथा बालिकालाई संविधान प्रदत्त मौलिक हक तथा सम्बन्धित कानूनको प्रभावकारी कार्यान्वयनका लागि संस्थागत सुदृढीकरण, सामाजिक जागरण र सचेतना अभियान सञ्चालन गरिनेछ।

(ग) महिलालाई राज्यका सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व र समान अवसरको संवैधानिक हकलाई स्थापित गर्ने विद्यमान कानूनको कार्यान्वयन गरिनेछ । साथै, कानूनी सुधारलाई निरन्तरता दिइनेछ ।

(घ) विभिन्न कार्यक्रमका माध्यमबाट विभेदमा परेकाको विशेष संरक्षण गरिनेछ ।

(ङ) महिलाको सहभागितालाई अर्थपूर्ण बनाउन क्षमता अभिवृद्धि गरी सकारात्मक विभेदको कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी ढङ्गले सञ्चालन गरिनेछ ।

(च) सबै क्षेत्रको नेतृत्व तहमा महिलाको प्रतिनिधित्व अभिवृद्धि गर्न समानुपातिक सहभागिताका लागि नीतिगत र कानूनी व्यवस्था गरिनेछ ।

(छ) समाजमा लैङ्गिकमैत्री दृष्टिकोण निर्माण गर्न विद्यालय शिक्षादेखि नै लैङ्गिकमैत्री पाठ्यसामग्री र पठनपाठन पद्धतिको विकास गरी पाठ्यसामग्रीमा लैङ्गिक समानता झल्किने चिह्न, चित्र, कार्टुन लगायतका विषयलाई समावेश गरिनेछ ।

(ज) सार्वजनिक तथा निजी भौतिक संरचनाको लैङ्गिकमैत्री मापदण्ड निर्माण गरी लागू गरिनेछ ।

(झ) महिलाको मर्यादालाई अवमूल्यन गर्ने हानिकारक सामाजिक अभ्यास र कुप्रथा विरुद्ध अभियान सञ्चालन गरिनेछ ।

(ञ) परिवार, समाज तथा कार्यस्थलमा महिलाप्रति मर्यादित व्यवहार तथा भाषा शैलीलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यस्ता कार्यक्रममा खासगरी स्थानीय तहका निर्वाचित महिला प्रतिनिधि, विद्यालय तथा अभिभावक, टोल सुधार समिति, स्थानीय सङ्घ संस्था, आमा समूह, बालक्लब, बालबालिका सञ्जाल र किशोरी समूह लगायतका स्थानीय संस्थाहरूलाई क्रियाशील बनाइनेछ ।

(ट) लैङ्गिक भूमिकामा रूपान्तरण सम्बन्धी प्रचार प्रसार सामाग्री उत्पादन र वितरण, समुदायमा आधारित संस्था, समूह परिचालन, उदाहरणीय कार्य गर्ने संस्था, समूह, परिवार र व्यक्तिलाई सम्मान लगायतका प्रवर्द्धनात्मक कार्य गरिनेछ ।

(ठ) सञ्चार माध्यमबाट नियमित रूपमा लैङ्गिक समानता तथा महिला, किशोरी र बालिकाप्रति मर्यादित व्यवहारलाई प्रोत्साहित गर्ने

कार्यक्रम सञ्चालन गर्नुका साथै श्रव्य-दृश्य सामग्रीको उत्पादन तथा प्रसारणको व्यवस्था मिलाईनेछ ।

(ड) लैङ्गिक समानता र महिला विकासका अभियानमा पुरूषको सहभागिता अभिवृद्धि गर्दै लगिनेछ ।

**रणनीति २:** निरोधात्मक, उपचारात्मक तथा नियमनकारी उपायद्वारा सामाजिक मूल्य र मान्यतामा परिवर्तन गर्दै लैङ्गिक विभेदजन्य हिंसाको अन्त्य गर्ने ।

**नीति तथा कार्यनीति**

(क) महिला, किशोरी तथा बालिकामाथि हुने हिंसालाई निरोधात्मक, उपचारात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गरिनेछ ।

(ख) लैङ्गिक हिंसाको अन्त्यका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

(ग) कार्यस्थल तथा सार्वजनिक स्थलहरूमा महिला, किशोरी र बालिकामाथि हुने भेदभाव एवम् यौनजन्य दुर्व्यवहार विरुद्ध विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रसार गरिनेछ ।

(घ) न्याय सम्पादनसँग सम्बन्धित न्यायिक तथा अर्धन्यायिक निकायका पदाधिकारीलाई लैङ्गिक विषयमा क्षमता अभिवृद्धि तथा पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।

(ङ) नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक क्षेत्र हेर्ने निकायलाई थप स्रोत साधन सम्पन्न बनाई अनुसन्धानलाई थप सुदृढ बनाईनेछ ।

(च) लैङ्गिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ र यस कार्यमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउन दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

(छ) हिंसा पीडित/प्रभावित, मानव बेचबिखनमा तथा ओसारपसारमा परेका महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकका लागि सुरक्षा, संरक्षण तथा पुनर्स्थापना गर्न मापदण्ड तयार गरी अल्पकालीन सेवा केन्द्र र दीर्घकालीन

पुनर्स्थापना केन्द्र सञ्चालन गरिनेछ ।

(ज) हिंसा पीडित/प्रभावितलाई मनोसामाजिक परामर्श/विमर्श, कानूनी सेवा, स्वास्थ्य सेवा उपलब्ध गराईनुका साथै परिवार र समुदायमा पुनर्मिलन गराइनेछ । साथै, यस्ता पीडित र प्रभावितका लागि जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ ।

(झ) महिला हिंसा र त्यसको व्यवस्थापन सम्बन्धी सूचना प्राप्त गर्न महिला, बालबालिका सम्बन्धी हेल्पलाईन स्थापना र विस्तार गरिनेछ।

(ञ) लैङ्गिक हिंसा विरुद्ध समुदाय, नागरिक समाज, गैरसरकारी संस्था तथा निगरानी समूह समेतको सहयोगमा अनुगमन तथा निगरानीलाई प्रभावकारी बनाईनेछ ।

(ट) लैङ्गिक हिंसा निवारणका लागि सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ। यस कार्यमा सामाजिक सङ्घ संस्था, नागरिक समाज तथा गैरसरकारी संस्थालाई सक्रिय रूपमा परिचालन गरिनेछ ।

(ठ) बढ्दो साइबर अपराधका विषयमा महिला, किशोरी तथा बालिकालाई सुसूचित गराउँदै यस्ता अपराधलाई नियन्त्रण गरिनेछ ।

(ड) हिंसा प्रभावित र वैदेशिक श्रम बजारमा रोजगारीका क्रममा जोखिममा परेका महिलाको आर्थिक सशक्तिकरणका लागि आवश्यकता अनुसार तालिम तथा आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यमा आवश्यकता अनुसार गैरसरकारी संस्थासँग साझेदारी गरिनेछ ।

(ढ) महिनावारीलाई छुवाछुतका रूपमा लिने तथा छाउपडी बार्ने प्रथा जस्ता लैङ्गिक विभेद र हिंसाको अभ्यासलाई अन्त्य गर्न स्थानीय तहको सक्रियतामा मर्यादित महिनावारी सम्बन्धी प्रबर्द्धनात्मक क्रियाकलापलाई राज्यका तीन तहका कार्यक्रमहरूमा मूलप्रवाहीकरण गरी बाल क्लब/सञ्जाल,

युवा क्लब, किशोरी समूह, आमा समूह, लगायत समुदायमा आधारित संस्थाहरूको सक्रियतामा सामाजिक जागरणको अभियान सञ्चालन गरिनेछ ।

(ण) विद्यालयबाट सञ्चालन गरिने अतिरिक्त क्रियाकलापमा महिनावारीको वैज्ञानिक पक्षका विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ । यस्ता कार्यक्रममा अभिभावकलाई समेत सहभागी गराइनेछ ।

(त) बालविवाह, बहुविवाह, दाईजो एवम् तिलकजस्ता वैवाहिक परम्परासँग गाँसिएका कुरीतिको अन्त्य गर्न स्थानीय तहको सक्रियतामा कानूनको कार्यान्वयन र नियमनलाई प्रभावकारी बनाईनेछ ।

(थ) बोक्सी प्रथा विरुद्ध शून्य सहनशीलताको कानूनी व्यवस्थालाई कार्यान्वयन गरी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(द) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक प्रतिको सामाजिक सोच र व्यवहारमा परिवर्तन गर्न सचेतनामूलक अभियान सञ्चालन गरिनेछ । यस्ता व्यक्तिहरूलाई आत्मनिर्भर र स्वरोजगारीका लागि आवश्यक तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनुका साथै नियमनकारी उपाय समेत अवलम्बन गरिनेछ ।

**रणनीति ३:** कानूनी प्रबन्ध, संस्थागत सुधार तथा क्षमता विकासका माध्यमबाट तीनवटै शासकीय तहमा लैङ्गिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

**नीति तथा कार्यनीति**

(क) सङ्घ, प्रदेश तथा स्थानीय तहमा लैङ्गिक उत्तरदायी नीति, योजना तथा कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(ख) सङ्घ, प्रदेश र स्थानीय तहमा लैङ्गिक समानता नीति कार्यान्वयन गर्न सम्बन्धित शासकीय तहको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) सङ्घ, प्रदेश तथा स्थानीय तहमा कानून निर्माण तथा

कार्यान्वयनमा संलग्न पदाधिकारी तथा सरोकारवालालाई लैङ्गिक संवेदनशीलता, लैङ्गिक रुपान्तरण र लैङ्गिक उत्तरदायी बजेट प्रक्रियाबारे अभिमुखीकरण गरिनेछ ।

(घ) सबै विषय क्षेत्रगत सार्वजनिक नीतिमा लैङ्गिक समानता तथा महिला सशक्तिकरणका विषयलाई समावेश गरी कार्यान्वयनमा ल्याईनेछ ।

(ङ) लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई राज्यका सबै शासकीय तहमा संस्थागत गरिनेछ ।

(च) सार्वजनिक नीति निर्माण, कार्यान्वयन तथा लाभको बाँडफाँटमा महिला सशक्तिकरणको विषय, बजेट तथा कार्यक्रम निर्माणमा महिला सहभागिता एवम् लैङ्गिक उत्तरदायी बजेट विनियोजन र कार्यान्वयन समेतलाई विश्लेषण गर्न लैङ्गिक परीक्षण कार्यको थालनी गरिनेछ ।

(छ) सार्वजनिक निकायमा रहेका लैङ्गिक सम्पर्क व्यक्तिको भूमिकालाई क्षेत्रगत नीति निर्माण तथा नीति कार्यान्वयनको अनुगमनमा प्रभावकारी बनाउन प्रशिक्षित गरिनेछ ।

(ज) सार्वजनिक तथा निजी क्षेत्रका लागि कार्यस्थलमा लैङ्गिक समानता आचार संहिता तथा उजुरी एवम् सुनुवाई संयन्त्र निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(झ) राष्ट्रिय गणना तथा सर्वेक्षणमा गरिने खण्डीकृत लैङ्गिक तथ्याङ्क सङ्कलन र विश्लेषणलाई आवधिक योजना र दिगो विकासका लक्ष्यको प्रगति विश्लेषण समेत गर्न सकिने गरी तथ्यमा आधारित बनाइनेछ ।

(ञ) खण्डीकृत तथ्याङ्क सहितको लैङ्गिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी सङ्घ, प्रदेश तथा स्थानीय तहसम्म विस्तार गरिनेछ। यस्तो प्रणालीलाई अनलाईन रूपमा विकास गरी अद्यावधिक गर्ने र सबै सरोकारवालाको लैङ्गिक सूचनामा सहज पहुँचको व्यवस्था मिलाइनेछ ।

(ट) सार्वजनिक क्षेत्रमा हुने नियुक्तिमा लैङ्गिक समानता तथा

समानुपातिक समावेशिताको प्रावधानलाई कार्यान्वयन गरिनेछ ।

(ठ) सार्वजनिक क्षेत्र तथा निजी क्षेत्रमा महिलाका लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्ने र निजी क्षेत्रका सेवा प्रवाहलाई महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक मैत्री बनाउन प्रोत्साहन गरिनेछ ।

(ड) बहुविभेदमा परेका सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता लगायतका वर्गका महिलालाई समान अवसर, पहुँच र प्रतिफल प्राप्त गर्नका लागि विशेष व्यवस्था मिलाइनेछ ।

(ढ) लैङ्गिक समानता र लैङ्गिकमैत्री व्यवहार सम्बन्धी विषयमा खुला छलफल र अन्तरक्रिया गरिनेछ र यस कार्यमा पुरुष अभियन्ता, महिला, किशोरी एवम् लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक पैरवीकर्ताको परिचालन गरिनेछ ।

**रणनीति ४:** लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने ।

**नीति तथा कार्यनीति**

(क) घरेलु कामकाज र हेरचाह कार्यको आर्थिक पक्षको मूल्याङ्कन गरी अर्थतन्त्रमा पुर्‍याएको योगदानको गणना गरिनेछ ।

(ख) घरेलु कामकाज, हेरचाह कार्य र अभिभावकीय भूमिकामा महिला र पुरूषको समान भूमिकालाई प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) महिलाहरूलाई औपचारिक क्षेत्रमा रोजगारीउन्मूख गराउन, घरेलु तथा हेरचाहजन्य कार्यबोझ घटाउन प्रविधिको प्रयोग गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

(घ) महिलाको पारिवारिक एवम् व्यावसायिक जीवनबीचको सन्तुलन कायम गर्नेगरी पारिवारिक काममा पुरुषको भूमिका बढाउन प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

(ङ) प्राविधिक शिक्षामा रहेको लैङ्गिक अन्तर घटाउन विशेष

कार्यक्रम सञ्चालन गरिनेछ ।

(च) श्रमप्रतिको सम्मान गर्ने परिपाटी बसाउन विद्यालय शिक्षा एवम् सञ्चार माध्यममा चेतनामूलक सूचना प्रवाह एवम् बहस, सामाजिक अभियान आदि जस्ता कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

**रणनीति ५:** स्वरोजगार, रोजगारी र उद्यमशीलताको एकीकृत कार्यक्रमका माध्यमबाट महिलाको आर्थिक सशक्तिकरण गर्ने ।

**नीति तथा कार्यनीति**

(क) महिलाको सम्पत्तिमाथि पहुँच बढाउने, निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता वृद्धि गर्ने र महिलाको नाममा सम्पत्ति राख्ने प्रक्रियालाई थप सरलीकृत गरिनेछ ।

(ख) व्यावसायिक कृषि, बजार व्यवस्थापन तथा कृषिमा आधारित उद्यम एवम् सीप विकास तथा उद्योगसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन गरी महिलाको आर्थिक क्रियाकलापमा वृद्धि गरिनेछ ।

(ग) कृषि, पशुपालन, सहकारी, सामुदायिक वन, वातावरण संरक्षण, लगायतका कार्यक्रममा स्थानीय तहमार्फत् महिलाको आर्थिक क्रियाकलापमा पहुँच, अवसर र लाभ सुनिश्चित गरिनेछ ।

(घ) महिला उद्यमीद्वारा उत्पादित वस्तुको सङ्कलन भण्डारण र गुणस्तर परीक्षणको व्यवस्था मिलाउनुका साथै 'एक स्थानीय तह, एक बिक्री केन्द्र' को व्यवस्था र राजधानीमा राष्ट्रियस्तरको बिक्री केन्द्रको व्यवस्था गरी उत्पादनको एकीकृत बजारीकरणमा जोड दिइनेछ ।

(ङ) सार्वजनिक निजी साझेदारीमा सञ्चालन गरिने परियोजनामा महिला प्रवर्द्धित लगानीलाई विशेष सहुलियतसाथ समावेश गरिनेछ ।

(च) विपन्न तथा सीमान्तीकृत महिलाका लागि विशेष संरक्षणात्मक एवम् जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

(छ) व्यापार-व्यवसाय एवम् उद्योग गर्न आवश्यक जानकारी तथा

सूचना प्रदान गर्ने एवम् अनुदान, छुट सुविधा प्राप्त गर्न समन्वय र सहजीकरण गरिनेछ ।

**रणनीति ६:** स्रोत साधन माथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रकृयामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने ।

**नीति तथा कार्यनीति**

(क) स्वदेशी पूँजी बजार, व्यवसाय र गैर कृषि क्षेत्रको रोजगारीको साथै सम्पूर्ण आर्थिक क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरिनेछ ।

(ख) 'महिला उद्यमशीलता प्रशिक्षण केन्द्र' स्थापना गरी एकीकृत कार्यक्रम सञ्चालन गरिनेछ ।

(ग) महिलाद्वारा प्रवर्द्धित उद्योग व्यवसाय दर्ता, ऋण र बीमामा छुट, सुविधा तथा सहुलियत प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(घ) महिलालाई उद्यमशीलताको विषयमा जानकारी र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन प्रत्येक स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।

(ङ) महिलाको आर्थिक क्रियाकलापमा व्यावसायिक र सामाजिक जोखिम न्यूनीकरण गर्न सूचना प्रवाहको सहज व्यवस्था मिलाइनेछ ।

(च) कार्यस्थलमा स्तनपान कक्ष र दिवा शिशु स्याहार केन्द्र सञ्चालन गरिनेछ ।

(छ) सङ्घ, प्रदेश र स्थानीय तहमा स्थापना तथा सञ्चालनमा रहेका औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक ग्राममा महिला उद्यमीलाई उद्योग व्यवसाय सञ्चालन गर्न स्थान उपलब्ध गराइनेछ ।

## १२. संस्थागत संरचना

१. यो नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नका लागि स्थानीय तह र प्रदेश सरकारसँग समन्वय तथा सहजीकरण

गर्न, नीति कार्यान्वयनको अनुगमन तथा मूलप्रवाहीकरण गर्न र नीतिमा समसामयिक सुधार लगायत नीतिगत सहजीकरण गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको संयोजकत्वमा प्रदेश सरकारका सामाजिक विकास मन्त्रीहरु, राष्ट्रिय योजना आयोगको सामाजिक क्षेत्र हेर्ने सदस्य, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव र प्रदेश योजना आयोगका सामाजिक विकास हेर्ने सदस्यहरु सदस्य तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव सदस्य-सचिव रहने गरी एक लैङ्गिक समानता राष्ट्रिय समन्वय परिषद् रहनेछ ।

२. राष्ट्रिय समन्वय परिषद्ले आवश्यकता अनुसार अन्य पदाधिकारी तथा विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३. राष्ट्रिय समन्वय परिषद्ले आवश्यकता अनुसार अन्य समिति, उपसमितिहरु गठन गरी काम गराउन सक्नेछ ।

४. प्रदेशमा नीति समन्वय तथा अनुगमनको लागि सामाजिक विकास मन्त्रीको संयोजकत्वमा प्रदेश योजना आयोगको सदस्य र आवश्यकता अनुसार विषय विज्ञहरू सदस्य तथा सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख सदस्य-सचिव रहने गरी प्रदेशस्तरीय लैङ्गिक नीति समन्वय तथा अनुगमन समिति गठन हुनेछ ।

५. स्थानीय तहमा प्रमुख वा अध्यक्षको संयोजकत्वमा कार्य पालिकाको एक जना महिला सदस्य, आवश्यकता अनुसार विषय विज्ञहरू सदस्य तथा महिला तथा बालबालिका शाखा प्रमुख सदस्य-सचिव रहने गरी नीति कार्यान्वयन तथा समन्वय समिति गठन हुनेछ ।

६. प्रदेश तथा स्थानीय तहका समितिले नीतिको कार्यान्वयनका लागि कानून, नीति, योजना, कार्यक्रमलाई लैङ्गिकमैत्री बनाउन तथा महिला नेतृत्वको क्षमता र महिला सहभागिता अभिवृद्धिका लागि आवश्यक पहल तथा समन्वय गर्नेछन् ।

## १३. कानूनी व्यवस्था

यस नीति कार्यान्वयनका लागि आवश्यक कानूनी व्यवस्था मिलाईनेछ र आवश्यकता अनुसार निर्देशिका एवम् कार्यविधि तर्जुमा गरी लागू गर्न सकिनेछ । यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समन्वय र सहजीकरणको भूमिका निर्वाह गर्नेछ ।

## १४. अनुगमन तथा मूल्याङ्कन

(क) यो नीतिको कार्यान्वयनको अवस्था अनुगमन गर्न र नीतिमा समसामयिक परिमार्जनका लागि आवश्यक लैङ्गिक सूचक देखिने गरी सङ्घ, प्रदेश र स्थानीय तहको एकीकृत विद्युतीय लैङ्गिक सूचना प्रणाली कार्यान्वयन गरिनेछ । यस सूचना प्रणालीमा आवश्यक सूचनाको वर्गीकरण गरी सङ्घ, प्रदेश र स्थानीय तहले नियमित रुपमा प्रविष्ट गर्ने प्रणालीको विकास गरिनेछ ।

(ख) सबै मन्त्रालय तथा निकायबाट आ-आफ्नो क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा गर्दा राष्ट्रिय लैङ्गिक समानता नीतिको कार्यान्वयनलाई समेत समीक्षा गरी समस्याको पहिचान र समाधान हुनेछ ।

(ग) राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा लैङ्गिक उत्तरदायी बजेट तथा लैङ्गिक समानता नीतिको कार्यान्वयनको समीक्षा गर्ने व्यवस्था मिलाईनेछ ।

(घ) नीतिको पुनरावलोकन पाँच वर्षमा गरिनेछ ।

## १५. सम्भावित जोखिम न्यूनीकरण योजना

१. यस नीतिको प्रकृति र स्वरूप वृहत् तथा साझा सरोकारको विषय भएकाले देहायका जोखिम हुनसक्ने अनुमान गरिएको छः-

(क) लैङ्गिक समानता सम्बन्धी बुझाइमा विविधता हुन सक्ने ।

(ख) लैङ्गिक समानता नीति कार्यान्वयनमा आवश्यक ज्ञान, क्षमतायुक्त र दक्ष जनशक्ति तथा स्रोत साधनको सीमितता हुन सक्ने ।

(ग) लैङ्गिक विषय बहुपक्षीय सरोकार राख्ने विषय भएकाले समन्वय र सहयोगमा समस्या हुन सक्ने ।

(घ) राज्यका विभिन्न निकायका बीच नीति कार्यान्वयनका लागि आ-आफ्ना भूमिकामा अन्यौल र दोहोरोपना आउन सक्ने ।

२. जोखिम न्यूनीकरणका उपायहरू

(क) सङ्घ, प्रदेश तथा स्थानीय तहको भूमिका र जिम्मेवारी स्पष्ट गरी यस नीतिको कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ। नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गरी लागू गरिनेछ ।

(ख) सङ्घ, प्रदेश र स्थानीय तहमा समन्वय संयन्त्रको रूपमा सम्पर्क विन्दुको व्यवस्था गरी क्षमता विकास गरिनेछ । लैङ्गिक सवालको विषयमा दक्षता सहितको जनशक्ति परिचालन गरिनेछ ।

(ग) लैङ्गिक समानताबारे मन्त्रालयमा विज्ञ, प्राज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको विज्ञ समूह (Think Tank) निर्माण गरी नीतिको अध्ययन एवम् विश्लेषण गरिनेछ ।